## गोकर्णेश्वर नगरपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम

**आदरणीय नगर सभाका सदस्यज्यूहरु,**

गोकर्णेश्वर नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म आफूलाई गौरवान्वित महशुस गरिरहेको छु । यस महत्वपूर्ण घडीमा हामीलाई निर्वाचित गरेर पठाउनुहुने सम्पूर्ण नगरवासीहरुलाई स्मरण गर्न चाहन्छु । नेपाल राष्ट्रको रक्षा र अग्रगमनका लागि भएका आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

हामीले जिम्मेवारी सम्हालेको एक वर्ष पूरा भई दोस्रो बर्षमा प्रवेश गरेको छ ।आ.व. २०७९/८० को नीति कार्यक्रम तथा बजेट कार्यान्वयन अन्तिम चरणमा रहेको छ । नगरवासीका असीमित ईच्छा, आकांक्षा तथा मनोभावनालाई संबोधन गर्न सीमित श्रोत साधन र जनशक्तिलाई अधिकतम परिचालन र ब्यवस्थापन गर्दै नगरपालिका अगाडि बढिरहेको छ । विगतका बर्षको नीति, बजेट र कार्यक्रम कार्यान्वयनको अनुभव र सिकाईबाट नगरको दिगो र सन्तुलित विकासका लागि ठोस रूपमा अगाडि बढ्ने पृष्ठपोषण र प्रेरणा मिलेको छ । यस नगरसभाले पारित गरेको नीति तथा कार्यक्रमले नगरपालिकाको बजेट र योजना तथा कार्यक्रम निर्माणमा मार्गनिर्देश गर्नेछ ।

आर्थिक वर्ष २०८०/०८१ का लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु, आम नगरवासी, तथा सम्बन्धित सबैको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

**आदरणीय नगर सभाका सदस्यज्यूहरु,**

गोकर्णेश्वर नगरपालिकाको आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा मुख्यतया निम्न ७ वटा विषय क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ ।

१. गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूत गर्ने,
२. सीपमूलक कार्यक्रमहरु मार्फत नागरिकलाई स्वरोजगार र आत्मनिर्भर बनाउने,
३. आधुनिक प्रविधिको माध्यमबाट फोहोरमैला वर्गीकरण र व्यवस्थापन गर्ने,
४. प्राविधिक, व्यावसायिक, गुणस्तरीय शिक्षामा जोड दिने,
५. स्थानीय कृषि उत्पादन र उत्पादकत्वको बृद्धि गरी आय आर्जन र रोजगारीका क्षेत्र फराकिलो बनाउने,
६. सेवाग्राहीमैत्री सार्वजनिक प्रशासन सञ्चालन गर्ने र संस्थागत सुशासनमा जोड दिने,
७. दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापन गर्ने ।

**आदरणीय नगर सभाका सदस्यज्यूहरू,**

आ.ब.२०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरुः

१. नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू, स्थानीय आर्थिक कार्यप्रणाली एवं एकल तथा साझा अधिकार सूची,
२. स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ ले ब्यवस्था गरेका स्थानीय सरकारका काम, कर्तब्य, अधिकार तथा दायित्वहरू,
३. संघीय तथा प्रादेशिक सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू,
४. संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा बित्तीय नीतिहरू,उ

५. नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरू, सन्धि सम्झौताहरु र महासन्धीहरू,
६. नगरपालिकाको क्षेत्रगत नीति, रणनीतिहरू, योजना तथा अध्ययन प्रतिवेदनहरू,
७. विकासका समसामयिक मुद्दाः सामाजिक संरक्षण, दिगो विकासका लक्ष्य तथा परिमाणात्मक लक्ष्यहरू, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन तथा पूर्ण सरसफाई, पूर्ण खोप युक्त तथा उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरू,
८. आवश्यक देखिएका अन्य विषयहरू ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

अब म क्षेत्रगत आधारमा नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न गइरहेको छु ।

(क) <u>पूर्वाधार तथा शहरी विकास सम्बन्धी नीतिः</u>

१. गोकर्णेश्वर नगरपालिकाको प्रशासकीय भवनको निर्माणस्थलमा रहेको बजार स्थानान्तरण कार्य सकिएको हुदाँ आ.व.२०८०/०८१ देखि प्रशासकीय भवन निर्माण सुरु गरिनेछ ।
२. गोकर्णेश्वर नगर अस्पतालमा थप सेवाहरु विस्तार गर्नका लागि नयाँ अस्पताल भवन निर्माण कार्य तत्काल सुरु गरिनेछ।
३. बालुवा स्वास्थ्य चौकी र बेशींगाउँ शहरी स्वास्थ्य केन्द्रको आफ्नै भवन निर्माण गरिनेछ ।
४. डि.पी.आर र टेन्डर कार्य भैसकेको वडा नं. ८ स्थित माकलबारी पुलको निर्माण कार्य अगाडि बढाईनेछ।

५. हनुमान चोकबाट बालुवा जाने सडकको पुल र मुलखर्क जाने नागमती खोलाको पुल बनाउनका लागि बागमती सभ्यता लागायतका निकायसँग पहल गरिनेछ ।

६. जोरपाटी देखि सुन्दरीजलसम्म सडक पेटी निर्माण गरिनेछ । नगर क्षेत्रका मुख्य सडकका फुटपाथमा बार निर्माण गरिनेछ ।

७. वडा नं. १ देखि ४ क्षेत्रमा सुन्दरीजलको पानी र वडा नं. ५ देखि ९ क्षेत्रमा मेलम्चीको पानी उपलब्ध गराउने व्यवस्था गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ ।

८. नगरभित्रको सडक तथा ट्राफिक व्यवस्थापनका लागि ६ जना नगर ट्राफिक प्रहरी राखी सवारी आवगमनलाई सहज गराईनेछ ।

९. नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा नगर क्षेत्रभित्रका बाटोभरी सडक बत्ती जडान गरिनेछ।

१०. नगरभित्रका प्रमुख र सहायक सडकहरुमा सि.सि. क्यामराको व्यवस्था गरिनेछ ।

११. यस नगरपालिका भित्र जग्गा प्लानिङ्ग गर्दा प्लानिङ्गमा पिच वा प्लान बाटो, पानी भरण, मेसिनरी वाल र सडक बत्ति अनिवार्य गरिनेछ ।

१२. नगर क्षेत्रभित्रका सडकमा टेलिफोन, केवल, इन्टरनेट तथा विजुलीका तारहरुको उचित व्यवस्थापन गरिनेछ।

१३. जोरपाटी चोकमा फ्लाई ओभर ब्रिज निर्माणको लागि सर्भे र डि.पि.आर तयार गरिनेछ ।

१४. जोरपाटी चोकमा लिफ्ट सहितको ओभर हेड ब्रिजको सर्वे र डि.पि.आर. तयार गरिनेछ ।

१५. बागमतीमा मिसिने सहायक नदीहरुमा मापदण्ड अनुसार करिडोर निर्माण गरिनेछ ।

१६. नगरपालिकाको वडा नं. १ देखि ९ सम्म एउटा वडामा ४ जना तालिमप्राप्त सफाईकर्मी राखी ढल मङ्गाल सफा गर्ने, सडक मर्मत सफा गर्ने, पोलका तारहरु व्यवस्थित गर्ने कार्यमा लगाईनेछ।

१७. नेपाल ट्रष्टसँग समन्वय गरी माकलबारी देखि गोकर्ण मन्दिरसम्मको खोला किनारमा करिडोर विस्तार गरिनेछ ।

१८. माईतिनेपाल पाखाथोक हुँदै नयाँपाटी जोड्ने सडक बहुवर्षीय योजना अन्तर्गत राखी क्रमश निर्माण गरिनेछ।

१९. वडा नं. २ रक्तकाली मार्ग देखि रामजानकी स्कुल हुदै वि.पी. चोक निस्कने बाटोलाई बहुवर्षीय योजनामा राखि क्रमश निर्माण गरिनेछ ।

२०. वडा नं. ४ माकुरेमार्ग हुँदै कोलमतेश्वर मन्दिर जोड्ने सडकलाई बहुवर्षीय योजनामा राखि क्रमश निर्माण गरिनेछ ।

२१. वडा नं. ९ स्थित पानीखोल्सामा भलिबल कोर्ट सहित खुला व्यायामस्थल तथा हरियाली पार्क निर्माण गरिनेछ।

२२. नगरक्षेत्रभित्र मुख्य तथा सहायक सडक लाईनका पसलहरुमा एकै साईजको डिजिटल बोर्ड राख्न लगाईनेछ

२३. नगरको शहरी क्षेत्रमा ढलको उचित व्यवस्थापन गर्न आवश्यक कार्य गरिनेछ।

२४. नक्सा पास गर्दा सेफ्टी ट्याङ्की अनिवार्य राख्नुपर्नेछ । वडा नं. १ देखि ४ सम्मको क्षेत्रमा सेफ्टी ट्याङ्कीको फोहोर नगरपालिकाबाट निशुल्क उठाउने व्यवस्था मिलाउनेछ ।

२५. नगरक्षेत्रभित्रका सबै सडक, पुल लगायत पूर्वाधारको योजनाहरुको निर्माण, मर्मत र स्तरोन्नति गर्ने कार्यलाई थप सुधार सहित निरन्तरता दिइनेछ ।

२६. नगरका मुख्य सडकहरुमा बस बिसौनी र यात्रु प्रतिक्षालयको व्यवस्था गरिनेछ । साथै उपयुक्त स्थलको खोजी गरी सवारीसाधन पार्किङको व्यवस्था गरिनेछ ।

२७. विकास निर्माण कार्यमा स्थानीय समुदायको व्यापक सहभागिता र प्रतिस्पर्धा सिर्जना गर्न स्थानीय टोल सुधार समितिहरू मार्फत् गरिने कार्यहरू पहिचान गरी सञ्चालनको व्यवस्था मिलाइने छ । टोल सुधार समितिहरूको सुदृढीकरण गरीनेछ ।

२८. नगर क्षेत्रभित्रका सार्वजनिक स्थानहरुमा स्वच्छ पिउने पानीको व्यवस्था मिलाईनेछ ।

२९. सडक ढल लगायत अवरोध हटाउनका लागि पूर्वधार आकस्मिक सेवा (Structural Emergency Service) सञ्चालन गरिनेछ ।साथै ढल मर्मतका लागि जेट मेसिन खरिद गरी कार्य गरिनेछ ।

(ख) <u>स्वास्थ्य सम्बन्धी नीति</u>

१. नगर अस्पतालबाट प्रदान हुँदै आएका विशेषज्ञ सेवालाई निरन्तरता दिदै डेन्टल, फिजियोथेरापी लगायतका थप सेवाहरु विस्तार गर्नका लागि नयाँ अस्पताल भवन निर्माण कार्य सुरु गरिनेछ ।

२. गोकर्णेश्वर नगरपालिकाका सम्पूर्ण स्थायी बासिन्दाहरुको निशुल्क स्वास्थ्य बिमा गरिनेछ ।

३. गोकर्णेश्वर नगरपालिकामा स्थायी बासोबास गर्ने ६५ वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई नेपाल मेडिकल कलेजमा एक लाखसम्मको उपचार खर्चमा ७०% छुटको व्यवस्था गरिनेछ ।

४. नेपाल मेडिकल कलेज, शंखरापुर अस्पताल र नेपाल अर्थोपेडिक अस्पतालमा भर्ना हुने गोकर्णेश्वर नगरपालिकाका स्थायी बासिन्दाहरुलाई अस्पतालको तर्फबाट ३०% र नगरपालिकाको तर्फबाट २०% गरी एक लाखसम्मको उपचार खर्चमा ५०% छुटको व्यवस्था गरिनेछ ।

५. फिजियोथेरापी आवश्यक भएका स्थानीय बिरामीहरुलाई मोबाईल थेरापीस्टको व्यवस्था गरी घर घरमा फिजियोथेरापी सेवा उपलब्ध गराईनेछ

६. नियमित अक्सिजन कन्सनट्रेटर र अक्सजन सिलिन्डर प्रयोग गरी अक्सिजन दैनिक लिनुपर्ने बिरामीहरुका लागि प्राविधिक र नगर प्रहरी खटाई अक्सिजनको कन्सनट्रटर र अक्सिजन सिलिन्डर सहित घर घरमा सेवा प्रारम्भ गरिनेछ ।

७. मोतिविन्दु, जलविन्दु र आङ खस्ने रोगका बिरामीहरुलाई नेपाल मेडिकल कलेजमार्फत निशुल्क शल्यक्रियाको व्यवस्था मिलाईनेछ ।

८. नगरबासीहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।

९. नगर प्रमुख स्वास्थ्य कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकहरुलाई घर घरमा गई मोबाईल डाक्टरमार्फत औषधी उपचारको व्यवस्था मिलाईनेछ ।

१०. नगर अस्पताललाई स्तरीय सेवायुक्त बनाउन आवश्यक उपकरणहरुको व्यवस्था गरिने छ ।

११. ज्येष्ठ नागरिकहरुको आँखा जाँच गरी निशुल्क चस्मा वितरणको व्यवस्था गरिनेछ ।

१२. नगरपालिका र आम्दा नेपालको संयुक्त साझेदारीमा गोकर्णेश्वर नगरपालिकाबासी ३० देखि ६० वर्ष सम्मका महिलाहरुलाई निशुल्क पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सर परिक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१३. नेपाल मेडिकल कलेज र गोकर्णेश्वर नगरपालिकाको संयुक्त आयोजनामा १५/१५ दिनमा ब्लड डोनेसन कार्यक्रम राखी नगरबासीका लागि रगतको कमी हुन नदिन उचित व्यवस्था मिलाईनेछ ।

१४. नगरबासीलाई स्वास्थ्य सेवा कार्ड वितरण गरिनेछ । साथै नगरको स्वास्थ्य एप बनाई प्रकियागत सरलता कायम गरिनेछ ।

१५. सम्पूर्ण नगरवासीको ६/६ महिनाको अन्तरमा पूर्ण स्वास्थ्य जाँच( Whole Body Check Up) गराउन प्रोत्साहन गरिनेछ ।

१६. गोकर्णेश्वर नगरपालिका भित्रका विद्यालयहरुमा दिईने खाजाको पौष्टिक तत्व परीक्षणको व्यवस्था मिलाईनेछ साथै विद्यालय भर्नामा खोप कार्ड अनिवार्य गरिनेछ ।

१७. नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरुलाई स्तरोन्नती गरी D level को प्रयोगशाला सहित सुविधfयुक्त बनाईनेछ ।

१८. PCL नर्सिङ्ग, BSC नर्सिङ्ग, MBBS, फार्मेसी, ल्याब टेक्निसियन लगायतका विषयमा अध्ययनरत विद्यार्थिहरुलाई दिईने छात्रवृतिलाई निरन्तरता दिईने छ ।

१९. उपप्रमुखसँग गर्भवती सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२०. नगरक्षेत्रका सबै स्वास्थ्य संस्थाहरुको नियमित नियमन र अनुगमन कार्यलाई प्रभावकारी गराईनेछ ।

२१. महिला स्वास्थ्य स्वयंसेविकामार्फत घरदैलो कार्यक्रम सञ्चालनगरी स्वास्थ्य जनचेतना प्रवाह गरिनेछ ।

२२. यस नगरपालिकाsf स्थायी बासिन्दाका लागि नगर अस्पतालमा ल्याव लगायत स्वास्थ्य उपचारमा लिदै आएको शुल्कमा ५०% छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२३. सङ्घ तथा प्रदेश सरकारसँगको सहकार्यमा किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप दिने व्यवस्था मिलाईनेछ ।

२४. घरमा असुरक्षित सुत्केरी गराउने कार्यलाई निरुत्साहित गर्न नगर अस्पतालमा सुत्केरी सेवा लिएका महिलाहरुलाई नेपाल सरकारको सुविधामा रु १,०००। थप गरी रु ३०००। का दरले दिदै आएको सुत्केरी स्याहार खर्चलाई निरन्तरता दिईनेछ ।

## (ग) शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति

१.गोकर्णेश्वर नगरपालिका अन्तर्गत प्राविधिक शिक्षालय स्थापना गरी CTEVT को पाठ्यक्रममा आधारित भई सो संस्थाको समन्वयमा प्राविधिक सीप विकास गर्ने तालिमहरु सञ्चालन गरिनेछ ।

२.गोकर्णेश्वर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कक्षा ८ र १० मा अध्ययनरत विद्यार्थीहरुलाई निःशुल्क कोचिङ्ग कक्षाहरु सञ्चालन गरिनेछ ।

३.ओखेनी, मुलखर्कका बिद्यार्थीहरुलाई विद्यालय र कलेज आवतजावतको लागि निःशुल्क गाडीको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

४.विभिन्न प्राविधिक तथा व्यवस्थापकीय विषय अध्ययन गर्ने स्थानीयबासी जेहेन्दार विद्यार्थीहरुलाई उपलब्ध गराउने छात्रवृत्तिलाई निरन्तरता दिईनेछ

५.सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको छनौट प्रतिस्पर्धात्मक रुपमा गरी शैक्षिक गुणस्तर व्यवस्थापन गरिनेछ ।

६.विषयगत शिक्षकको उपलब्धता नभएका प्रत्येक सामुदायिक निम्न माध्यमिक तथा माध्यमिक विद्यालयमा विषयगत शिक्षकको व्यवस्थालाई थप व्यवस्थित गरिनेछ ।

७.बालविकास कक्षा देखि आधारभुत तह (कक्षा ३) सम्म पठनपाठन सुधार कार्यक्रमलाई गुणस्तरीय शिक्षा सुधारको आधारभुत रणनीतिको रुपमा अंगिकार गरिनेछ र यस सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

८.गोकर्णेश्वर नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा निश्चित मापदण्ड निर्माण गरी क्रमश नमुना विद्यालय कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९.हाम्रो विद्यालय, राम्रो विद्यालय कार्यक्रम अन्तर्गत विद्यालयहरुलाई हरित विद्यालयको रुपमा विकास गर्दै अनिवार्य एक विद्यालय एक बगैंचाको नीति लिइनेछ। “प्रकृतिसँग एकदिन“, “सम्पदासँग विद्यार्थी”, “समाजसँग विद्याथी” जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०. गोकर्णेश्वर नगरपालिका, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, र स्थानीय अभिभावकहरुको साझेदारीमा सामुदायिक तथा संस्थागत विद्यालय सुधार कार्यक्रमहरु सञ्चालन गरिनेछ। संस्थागत र सामुदायिक विद्यालय साझेदारी कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

११. गुणस्तरीय शिक्षा र प्रभावकारी शिक्षणका लागि प्रत्येक शिक्षकलाई सुचना सञ्चार तथा प्रविधि (ICT)को कक्षा शिक्षणमा प्रयोगका लागि प्रोत्साहनमुलक कार्यक्रम ल्याइनेछ।

१२. "पढ्दै कमाउँदै" कार्यक्रमलाई स्थानीय आवश्यकताको आधारमा विद्यालयहरुमा लागू गरिनेछ । यसका लागि विभिन्न जीवनोपयोगी सीपहरु विद्यार्थीलाई सिकाउने कार्यक्रमहरु लागु गरिनेछ।

१३. नगर सँगै देश चिनौ कार्यक्रममार्फत श्रम, संस्कृति, माटो, हावापानी, प्राकृतिक सम्पदाको संरक्षणमार्फत देशप्रेम, एकता, सहअस्तित्व प्रवर्द्धनमा विद्यालयहरुलाई परिचालन गर्ने नीति लिइनेछ।

१४. विभिन्न शैक्षिक संस्था, सरोकारवाला, विज्ञ र स्थानीय जनताहरुको संलग्नतामा नगर शिक्षा गुरुयोजनाको लागि मापदण्ड र विषयवस्तु, आवश्यकता, माग र शैक्षिक विमर्श मार्फत तथ्यमा आधारीत नीति निर्माणको लागि आधार निर्माण गरिनेछ।

१५. शैक्षिक विकाससँग सम्बन्धित सम्पुर्ण क्रियाकलापहरुलाई संरक्षण तथा प्रसारणका लागि व्यवस्थित वेबसाइट, युट्युब च्यानल, रेडियो तथा टेलिभिजन कार्यक्रमहरु सन्चालनका लागि आधार तथा मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

१६. "मेयरसँग विद्यार्थी", "उपमेयरसँग विद्यार्थी विशेष कार्यक्रम" हरु प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । विद्यार्थी र युवा लक्षित असल नेतृत्व विकास र सुशासन जस्ता विषयमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१७. स्थानीय भाषा, पहिचान, सभ्यता र संस्कृतिलाई स्थानीय पाठ्यक्रमको माध्यम र आधार बनाउँदै लगिनेछ। मातृभाषामा स्थानीय पाठ्यपुस्तक अध्ययन अध्यापनको व्यवस्था मिलाइने छ।

१८. होटल म्यानेजमेन्ट, कुक, वेटर, व्यूटिसियन, प्लम्बर, इलेक्ट्रिसियन, अटो मोबाइल जस्ता सीपयुक्त तालिम सञ्चालन गरी युवा जनशक्तिहरुलाई सीपयुक्त बनाउन त्यस्ता विषयका तालिम प्रदायक संस्थाहरुसँग सम्झौता गरी तालिम केन्द्रमा नै तालिम दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१९. नगर तथा वडास्तरमा उत्कृष्ट छात्र÷छात्रा, शिक्षक र विद्यालयलाई पुरस्कृत गर्ने ब्यवस्था मिलाईनेछ।

२०. नगरपालिका भित्रका विद्यालयका विद्यार्थीहरुका लागि बिषयगतरुपमा प्रतियोगितात्मक प्रतिभा प्रर्दशन कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. बाल विकास शिक्षकहरू तथा विद्यालय कर्मचारीहरुलाई प्रोत्साहन गरिने कार्यलाई निरन्तरता दिईनेछ।

२२. गरिब, जेहन्दार तथा विपन्न वर्गका वालवालिकालाई आवश्यकता अनुसार पाठयपुस्तक, पाठ्यसामाग्री र पोशाक लगायतका सामाग्री उपलब्ध गराई अभिभावकत्व प्रदान गरिनेछ।

२३. नगर प्रमुखसँग शिक्षक र अभिभावक कार्यक्रम मार्फत नगरपालिका, विद्यालय र अभिभाबकसँगको त्रिपक्षीय सम्बन्ध र सम्वादलाई प्रगाढ बनाइनेछ ।

२४. शिक्षक, विद्यार्थी लगायतका व्यक्तिहरुलाई स्वयंसेवी रुपमा परिचालन गरी सरसफाई, वातावरण संरक्षण तथा जनचेतनाका क्षेत्रमा काम गर्न प्रोत्साहित गरिनेछ ।

२५. Smart School For Smart Student भन्ने नाराका साथ पठनपाठन कार्यलाई प्रविधिमैत्री बनाउनका लागि अडियो भिजुअल कक्षा, Robotics, Meditation र Motivation लगायतका विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ

२६. अध्ययन अध्यापन कार्यलाई सहज बनाउन विज्ञान प्रयोगशालाको स्तरोन्नती गरी अनिवार्य प्रयोग तथा गणित प्रयोगशालाको स्थापना तथा प्रयोग गरिनेछ

२७. वडा नं. १ स्थित गराडोल मा रहेको ३० रोपनी जग्गामा निर्माणाधिन कभर्डहललाई थप बजेट विनियोजन गरी सम्पन्न गरिनेछ ।

२८. वडा नं. २ को ब्याटमिन्टन कोर्ट निर्माण कार्यलाई निरन्तरता दिई सम्पन्न गरिनेछ ।

२९. वडा नं. ३ को गाम्चा फुटबल ग्राउण्ड र राधाको डिल फुटबल ग्राउन्ड निर्माण कार्यलाई निरन्तरता दिई सम्पन्न गरिनेछ ।

३०. वडा नं.३ तारेभिरमा रहेको खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिईनेछ

३१. वडा नं. ४ भैरवचौरको कभर्डहल निर्माण कार्यलाई सम्पन्न गरिनेछ ।

३२. उत्तरबाहिनी च्यासीमा रहेको 7A साईड फुटबल ग्राउन्डलाई स्तरोन्नती गरिनेछ ।

३३. वडा नं. ९ को शङ्खडोल ब्याटमिन्टन कोर्टको स्तरोन्नती गरिनेछ ।

३४. वडा नं. ५ को अर्घोतेश्वर ब्याटमिन्टन कोर्टको स्तरोन्नती गरिनेछ ।

३५. वडा नं. ८ ढोल्खाधारा नजिकको करिब १ रोपनी जग्गामा हरियाली पार्क निर्माण गरिनेछ ।

३६. नगरक्षेत्रका उपर्युक्त सडक किनारमा वृक्षारोपण गर्ने प्रोत्साहन गरिनेछ ।

३७. शहिद पार्क देखि भञ्याङ्ग हुदै तारेभिरबाट नयापाटी सुन्दरीजलसम्म हाईकिङ्ग, साईकल लेनको ट्याक निर्माण गरिनेछ ।

३८. डाउनहिल साईकिलिङ्ग, क्यानोईङ्ग र उत्तरबाहिनी माथि न्याफ्टिङ्गको संभाव्यता अध्ययन गरिनेछ।

३९. सम्पूर्ण खेललाई समेट्ने गरी खेलकूद ऐकेडेमीको स्थापना गरिनेछ ।

४०. राष्ट्रिय एवं अन्तराष्ट्रियस्तरका खेलकुद मैदान निर्माणका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ  खेल गतिविधिलाई प्रथमिकता दिई बजेट विनियोजन गरिनेछ ।

४१. युवा पुस्तामा उद्यमशील संस्कृतिको विकास गर्न सीपमूलक, व्यावसायिक र प्राविधिक तालिम कार्यक्रमको व्यवस्था गरिनेछ । साथै लगानीमैत्री उद्योग र आयोजनाहरुको छनोट गरी कार्यान्वयन गरिनेछ ।

४२. ज्ञान, सिप, दक्षता भएका युवाहरुको पहिचान गरी श्रम बजारीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ

४३. युवा वर्गलाई परिवार, समाज र राष्ट्रप्रति थप जिम्मेवार एवं उत्तरदायी बनाउन युवा जागरण अभियान संचालन गरिनेछ ।

४४. नगरवासीको शारीरिक र मानसिक विकासका साथै मनोरञ्जनका लागि समेत नगर तथा वडास्तरीय खेल मैदान, आवश्यक कभर्ड हलको पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याईनेछ ।

४५. राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद कार्यक्रममा सहभागी हुने यस नगर क्षेत्रका स्थायी बासिन्दा खेलाडीहरुलाई प्रोत्साहन, सम्मान र सहयोग गरिनेछ ।

४६. विभिन्न विधाका खेलहरुलाई मेयर कप तथा उपमेयर कप खेलकुद कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ ।

४७. खेलकुद क्षेत्रको विकासका लागि विभिन्न खेल विधाका प्रशिक्षकहरुको ब्यवस्था गरिनेछ।

४८. नगरपालिका क्षेत्रमा क्रियाशील रहेका सबै युवा क्लबहरुको अभिलेख व्यवस्थित गरिनेछ। नगरपालिकामा दर्ता तथा नवीकरण भएका क्लबहरुलाई खेलकुद लगायत कार्यक्रम संचालनका लागि प्रोत्साहित गरिनेछ

४९. वडा नं १ ओख्रेनी चिलाउनेमा 9A साईड खेलकुद मैदानको स्तरोन्नती गरिनेछ ।

५०. व्यायाम गर्ने संस्कृतिको विकास गर्न नगरपालिका भित्रका सम्भावित खुला क्षेत्रहरुमा व्यायाम सामाग्रीहरु जडान गरी व्यायाम स्थलहरुको व्यवस्था गरिनेछ ।

५१. अपाङ्गता भएका व्यक्तिहरुलाई प्रोत्साहित गर्न अपाङ्गता भएका व्यक्ति तथा खेलाडीहरुबीच प्रतिस्पर्धा एवम् मनोरञ्जनका खेल प्रतियोगिता सञ्चालन गरिनेछ ।

## (घ) कृषि तथा पशु विकास सम्बन्धी नीति

१. कृषि तथा पशु सेवासँग सम्बन्धित कृषकहरुको छुट्टा छुट्टै समूह बनाई मापदण्ड अनुसार अनुदान वितरणको व्यवस्था गरिनेछ ।

२. ५०% लागत साझेदारीमा कृषि यान्त्रीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३. नगरपालिकाभित्रका च्याउ उत्पादन गर्ने समूहलाई हाईटेक प्रविधिबाट ग्रोब्रे च्याउ उत्पादनमा र च्याउ उपजको प्याकेजिङ्ग गर्ने प्रविधिमा अनुदानको व्यवस्था गरिनेछ ।

४. डल्ले च्याउ उत्पादनमा वृद्धि ल्याउन साझेदारीमा हाईटेक ए.सी. टनेल निर्माण गरिनेछ ।

५. आलू उत्पादन गर्ने समूहलाई कोल्ड स्टोर स्थापना गर्न अनुदान दिईनेछ

६. तारेभिर, मुलखर्क, चिलाउने र ओखेनी क्षेत्रमा बाख्रापालन र लोकल कुखुरा पालनलाई प्राथमिकता दिई अनुदान उपलब्ध गराईनेछ ।

७. नगरपालिकाको अनुदानमा सञ्चालन भईरहेका विभिन्न समूहका उत्पादनलाई बजार व्यवस्थापन गर्न अनलाईन मार्केटिङ्ग हुने गरी डिजिटल एप निर्माण गरिनेछ ।

८. नगरपालिकाभित्र माटो परीक्षण ल्याबको स्थापना गरिनेछ । साथै तरकारी तथा फलफूलमा विषाधी परिक्षण गर्ने ल्याबको स्थापना गरिनेछ ।

९. मौरीपालन व्यवसाय प्रवर्द्धन गरिनेछ ।

१०. तारेभीर, ओखेनी, चिलाउने क्षेत्रमा जडिबुटी, मौसमी तथा बेमौसमी फलफूल खेति प्रवर्द्धन गरिनेछ।

११. कृषकहरुलाई अर्गानिक खेती गर्नका लागि प्रोत्साहन गरिनेछ । विषाधिको प्रयोगलाई निरुत्साहित गरिनेछ

१२. किसानहरुले उत्पादन गरेको कृषि उपज बिक्रीवितरण गर्न सहज बनाउन कृषि हाट सञ्चालनमा ल्याईनेछ। साथै वार्षिक रुपमा कृषि महोत्सवको आयोजना गरिनेछ ।

१३. पशुको नश्ल सुधार कार्यलाई प्रभावकारी बनाउन कृतिम गर्भाधानमा किसानहरुलाई सहुलियत उपलब्ध गराईनेछ ।

१४. घाँसमा आधारित पशुपालनको विकास गर्न विभिन्न उन्नत जातको घाँसको बिउ तथा विरुवा वितरण गरिनेछ

१५. किसानहरुको घर गोठमा नै गएर निशुल्क पशु उपचार सेवा उपलब्ध गराउने मोबाईल भेटेरिनरी सेवालाई निरन्तरता दिईनेछ ।

१६. पशु विकास शाखामा प्रयोगशाला स्थापना गरी पशुपन्छीहरुको रोगको निदान गरिनेछ ।

१७. घरपालुवा कुकुरहरुलाई नगरपालिकाबाट मापदण्ड निर्माण गरी व्यवस्थापन गरिनेछ । साथै छाडा कुकुर नियन्त्रण गर्न कुकुर बन्ध्याकरण कार्यलाई थप सुदृण गरिनेछ ।

१८. पशुमा लाग्ने खोरेत, पिपिआर र रेबीज रोग उन्मुलन गर्न निःशुल्क खोप अभियान सञ्चालन गरिनेछ पन्छीमा महामारीको रुपमा देखिने बर्डफ्लु जस्ता रोगहरुको नियन्त्रण र नियमनका साथै सोको क्षतिपूर्तीको व्यवस्था मिलाईनेछ।मत्स्य र कृषि क्षेत्रमा विभिन्न रोगहरुको कारण हुने क्षतिलाई न्यूनीकरण गरिनेछ ।

१९. सहरीकरण नभएका क्षेत्रमा रहेका बाँजो जग्गामा एकीकृत नमुना कृषि फर्म स्थापना तथा सञ्चालनको लागि प्रोत्साहन गरिनेछ ।

२०. संघ र वागमती प्रदेश सरकारको समन्वयमा कृषि सहकारी र व्यवसायिक कृषकहरुको सहभागितामा शित भण्डारणको ब्यवस्था गर्न पहल गरिनेछ

२१. वडा नं. १, २, र ३ क्षेत्रमा बाख्रापालनका लागि बहुवर्षिय परियोजना सञ्चालनलाई निरन्तरता दिईनेछ।

२२. गुणस्तरीय एवं आधुनिक बधशाला निर्माण तथा सञ्चालन गर्न सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ मासुजन्य पशु पन्छीको स्वास्थ्य परीक्षण, सफा र स्वस्थ बधशालाको विकास, मासु पसलको गुणस्तरीयता परीक्षण लगायतको कार्यका लागि सम्वन्धित निकायसँग समन्वय र सहकार्य गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## (ङ) फोहरमैला व्यवस्थापन नीतिः

१. फोहोरमैलाको पुनःप्रयोग तथा प्रशोधन गर्न स्रोतमा नै वर्गीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

२. कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउने, नकुहिने फोहोरलाई रिसाईकल गर्न मिल्ने भए रिसाईकल गर्ने र बाँकी फोहोरलाई उचित व्यवस्थापन मिलाईनेछ ।

३. नगरवासीहरुमा फोहोरमैला व्यवस्थापनका ५R (Refuse, Reduce, Reuse, Recycle र Rot) सम्बन्धमा व्यापक जनचेतना अभिवृद्धि गरिनेछ ।

४. फोहोरमैला व्यवस्थापनका लागि घर भाडमा बस्ने व्यक्तिहरुका साथ साथै मुख्यरुपमा घरधनीलाई जिम्मेवार बनाई जथाभावी सडकमा फोहोर फाल्ने, फोहोरको वर्गीकरण नगर्ने जस्ता प्रवृत्तिलाई रोकीनेछ ।साथै फोहोरमैला व्यवस्थापनमा सबै नागरिकको दायित्व सम्बन्धि कार्यविधि जारी गरी कडाइका साथ कार्यान्वयन गरिनेछ ।

५. फोहोरमैलाको उत्पादन तथा व्यवस्थापनमा प्रविधिको प्रयोग u/L Zero Waste तथा Waste to energy को अवधारणा कार्यान्वयनsf लागि राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रहरुसँग सहकार्य गरिनेछ।

६. निजी तथा सहकारी क्षेत्रसँगको सहकार्य तथा साझेदारीमा कुहिने फोहोरको व्यवस्थापन एवं प्रशोधन मार्फत वायोग्यास र प्रांगारिक मल उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

७. फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन नगरवासीहरुलाई सहुलियतदरमा कम्पोष्टविन उपलब्ध गराईनेछ।

८. नगरपालिकाका सबै वडाहरुमा E-रिक्सा मार्फत फोहोर बोक्ने व्यवस्था मिलाईनेछ ।

९. सरसफाई, फोहोरमैला व्यवस्थापन, प्रदुषण नियन्त्रणबारे विद्यालय तहदेखि नै व्यवहारिक शिक्षाको व्यवस्था मिलाइनेछ ।

१०. नगरपालिकाको सुन्दरता बढाउनुका साथै हरियाली प्रवर्द्धन गर्न नदी तथा सडकका किनाराहरुमा जलवायु अनुकुलनता वढाउने रुखहरु रोपिनेछ।

११. नगरपालिका क्षेत्रभित्रको जल, जमिन, बायु र ध्वनी प्रदुषण नियन्त्रण गरी स्वच्छ वातावरण प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१२. दैनिक तथा साप्ताहिक रुपमा आफनो चोक, टोल तथा सार्वजनिक स्थलहरुको सरसफाई स्वयं टोलवासी नागरिकहरुले नै गर्ने अभियानका लागि सचेतना एवं समन्वयात्मक कार्यक्रमहरु संचालन गरी सरसफाई सभ्यताको विकास गरिनेछ ।

१३. एकीकृत बागमती सभ्यतासँग समन्वय गरी सोझै बागमतीमा ढल मिसाउने कार्यलाई तत्काल रोक लगाई कानून बमोजिम कारवाही गरिनेछ ।

## (च) वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीतिः

१. विपद जोखिम न्यूनीकरणका लागि विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिनेछ ।

२. सम्भावित बिपदको जोखिमलाई न्यूनीकरण गर्न आवश्यक बिपद ब्यवस्थापनका सामाग्रीहरुको व्यवस्था गरी भण्डारण गरिनेछ । साथै नगरपालिकामा Disaster Management Room को व्यवस्था गरिनेछ ।

३. विपद जोखिमको क्षेत्रहरुको पहिचान गरि उक्त क्षेत्रहरुको सम्भावित जोखिम न्यूनीकरणका लागि तटबन्धन, वृक्षारोपण, सचेतना अभिवृद्धि जस्ता कार्यहरु सञ्चालन गरिनेछ ।

४. विपद व्यवस्थापनका कार्य तथा क्रियाकलापहरुलाई सूचना प्रविधि मैत्री वनाउदै पूर्व सावधानी प्रणालीसँग आवद्ध गरिनेछ।

५. नगरको स्थानीय पाठ्यक्रममा विपदका प्राकृतिक तथा मानव निर्मित कारण र विपद व्यवस्थापनका उपायहरुबारेका सामाग्रीहरु समावेश गरिनेछ।

६. समुदाय तथा विद्यालयहरुमा विपद्को कारण, असर र वैज्ञानिक व्यवस्थापनबारे सचेतना अभिवृद्धि गर्नुका साथै नमूना अभ्यासहरु सञ्चालन गरिनेछ ।

७. भौतिक संरचनाहरुको निर्माण तथा पूर्ननिर्माण गर्दा भुकम्प प्रतिरोधी तथा वातावरणमैत्री बनाउनुपर्ने मापदण्ड निर्माण गरिनेछ।

८. नगर क्षेत्रका सामाजिक, सांस्कृतिक तथा सार्वजनिक स्थानहरुलाई स्वच्छ र हरियाली वनाउन वृक्षारोपण तथा वोटविरुवा संरक्षण अभियान सञ्चालन गरिनेछ ।

९. दमकल जान नसक्ने ठाउँहरुमा फायर हाइड्रेन्ट तथा पोर्टेबल पम्पको व्यवस्था गरिनेछ ।

१०. नगरपालिकाको क्षेत्रभित्र रहेको विपद् व्यवस्थापन गण, ग्रिन आर्मि नेपाल, विपद शिक्षालय लगायतका निकायहरुको समन्वयमा नगरस्तरीय आपतकालिन सेवा सञ्चालन केन्द्र स्थापना गरिनेछ ।

११. ठुला तथा जटिल प्रकारका विपद व्यवस्थापनका लागि काठमाडौं जिल्लामा रहेका ११ वटा स्थानीय तहहरुसँग सहकार्य र समन्वय गरी एकिकृत विपद व्यवस्थापन योजना तयार गरिनेछ ।

१२. नगरपालिकाको वन क्षेत्रको संरक्षण सम्वर्द्धन तथा विस्तारको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३. निकुञ्ज, वफरजोन र पर्ति जग्गाहरुमा फलफूलको विरुवा सहित करिडोरहरुमा वृक्षारोपण गरिनेछ।

१४. विपदबाट सिर्जना हुने सडक, ढल अवरुद्ध लगायत समस्या समाधान गर्न ईन्जिनियर सहितको मोवाईल टिम लाई खटाउने कार्यलाई निरन्तरता दिइनेछ ।

१५. वागमती नदी एवम् वागमती सभ्यताको संरक्षणका लागि नगरस्तरीय वागमती सफाई तथा संरक्षण अभियान संचालन गरिनेछ ।

१६. नगरपालिका क्षेत्रलाई स्वस्थ, स्वच्छ र हरियालीमय बनाउन बढी अक्सिजन प्रदान गर्ने र धार्मिक महत्व बोकेका बोटविरुवा उत्पादन गर्न गोकर्णेश्वर नर्सरी स्थापना गरि संचालन गरिनेछ ।

१७. नगरपालिका क्षेत्रमा कालोपत्रे भईसकेका सडकहरुको सौन्दर्यीकरण ( जेब्राक्रसिङ, सडकवत्ती, हरियाली वोटविरुवा ) कार्यक्रम संचालन गरिनेछ।

१८. घरको नक्सा पास गर्नका लागि कम्तीमा २ वटा विरुवा रोपेको हुनुपर्नेछ। यसका लागि घरधनीलाई बोटविरुवा उपलब्ध गराई दिगो हरियाली ब्यवस्थापनको कार्यलाई अघि बढाईनेछ ।

१९. निजी क्षेत्र समेतको सहकार्यमा आकाशे पानीको सङ्कलन, पोखरी वा जलाशयमा भण्डारण र जमिनमा पानी पुनर्भरण कार्य अगाडि बढाइनेछ ।

२०. पहिरो लाग्ने स्थलहरुको पहिचान गरी त्यस्ता स्थलहरुमा बाँस तथा निगालो रोपणको कार्यलाई प्राथमिकता दिई पहिरो रोकथामको प्रयास गरिनेछ ।

२१. नगरपालिकामा दर्ता भएका उद्योग व्यवसायीहरुका लागि आगजनी लगायतका घटनाबाट भएको क्षति न्यूनीकरण गर्न उद्योग व्यवसायीहरुलाई आवश्यक सहयोग तथा क्षतिपूर्तिको व्यवस्था मिलाइनेछ ।

२२. गोकर्णेश्वर नगरपालिकाका विभिन्न स्थानहरुमा विकास निर्माणका दौरान कटान भएका रुख विरुवाहरुबाट उत्सर्जन हुने हरितगृह ग्याँसको जाचँ गर्ने तथा उत्सर्जन भएको हरित गृह ग्याँसलाई न्यूनीकरणका लागि अनुसन्धानात्मक कार्यक्रम गरिनेछ ।

२३. सफा स्वच्छ र हराभरा गोकर्णेश्वर अभियान अन्तर्गत महिनाको पहिलो शुक्रबार वृहत सरसफाईको बार नाराका साथ जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी, युवा क्लब, महिला सञ्जाल लागायतका नगरबासीहरुको परिचालन गरी गोकर्णेश्वर नगरपालिकाभित्रका सार्वजनिक, सांस्कृतिक, धार्मिकस्थलहरुमा सरसफाई अभियान तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्न प्रेरित गरिनेछ।

## (छ) <u>भाषा, धर्म, संस्कृति, कला र साहित्य संरक्षण नीतिः</u>

१. घाटहरुको थप स्तरोन्नती र व्यवस्थित गरिनेछ । साथै सव बाहनको व्यवस्था गरिनेछ।

२. नगरक्षेत्रभित्र आवश्यकता अनुसार सामुदायिक भवन, सार्वजनिक शौचालय तथा प्रतिक्षालयहरू निर्माण गरिनेछ।

३. पुराना नक्सा, घरको इजाजत लगायत घर नक्सासँग सम्बन्धित कागजातहरुलाई डिजिटल प्रविधिबाट संरक्षण तथा अभिलेखीकरण गरिनेछ साथै घर नक्सा पास कार्यलाई अनलाईन प्रविधिमा आधारित गराईनेछ

स्वदेशी तथा विदेशी धार्मिक पर्यटकहरुलाई पशुपति गुहेश्वरी देखि गोकर्णेश्वर महादेव, उत्तरगया हुँदै सुन्दरीजल देखि बागद्धारसम्म पुर्याउन व्यापक प्रसार प्रसार गरिनेछ ।

४. गोकर्णेश्वर पितृ मोक्ष धामको महिमा उजागर गरिनेछ ।

५. गुहेश्वरी देखि गोकर्णसम्मको सौन्दर्यीकरण नगरपालिकाको जिम्मामा लिई पैदल यात्रा, खुल्ला व्यायामशाला थप व्यवस्थित गरी रमणीय बनाईनेछ

६. नगरभित्रका साहित्यकारहरुलाई नगद सहित सम्मान गरिनेछ साथै सबै श्रष्टाहरुको स्वास्थ्य बीमा गरिनेछ।

७. नगरपालिकाले प्रोत्साहनस्वरुप नगरभित्रका श्रष्टाहरुले लेखेका किताबहरु १०० वटा सम्म खरिद गरिनेछ

८. धार्मिक समितिमार्फत धर्म संस्कृतिको प्रवर्द्धनका लागि अभिलेख पुस्तिका राखिनेछ ।

९. राष्ट्रको परम्परागत संस्कृति झल्कने निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ

१०. वडा नं. ७ मा रहेको धार्मिक वनलाई सिमाङ्कन गरी संरक्षणका साथै हरियाली पार्क निर्माण गरिनेछ ।

११. नगरवासी तथा वडा नं. १ का बासिन्दाहरुलाई शिवपुरी राष्ट्रिय निकुञ्जले लगाउदै आएको प्रवेश शुल्क नलिने व्यवस्थाका लागि पहल गरिनेछ ।

१२. स्थानीय पाठ्यक्रममा नगरभित्रको कला, संस्कृति, ऐतिहासिक महत्वका स्थानहरुको सम्बन्धमा व्यवस्था गरी पठनपाठनको व्यवस्था गरिनेछ। विद्यार्थी भाई बहिनीहरुबीच साहित्यिक प्रतियोगिता सञ्चालन गरिनेछ

१३. नगरपालिकाभित्र रहेका सार्वजनिक जग्गा, सामुदायिक वन, मठमन्दिर र गुम्बाहरूको अभिलेखीकरण गरी संरक्षण गरिनेछ ।

१४. पशुपति क्षेत्र विकास कोषको सञ्चालन प्रक्रिया बमोजिम गोकर्णेश्वर महादेव क्षेत्र विकास कोष सञ्चालन गर्न नेपाल सरकारसँग पहल गरिनेछ ।

१५. नगरपालिका क्षेत्रमा रहेका विभिन्न समुदायहरुको (तामाङ, नेवार, खस आर्य, शेर्पा, ह्योल्मो, राई लिम्बु सुनुवार, विश्वकर्मा, परियार, मिजार, खाङ्गी, आदि ) धर्म संस्कृती र मौलिक परम्पराहरुको पहिचानको सङ्ग्राहलयको व्यवस्था एवम् संरक्षणको कार्यलाई निरन्तरता दिइनेछ ।

१६. नगरक्षेत्रमा संचालनमा रहेका परम्परागत मौलिक जात्रा, पर्वहरुको संचालनको कार्यलाई निरन्तरता दिईनेछ।

१७. नगरपालिकाको उत्तरबाहिनी पावन क्षेत्रमा रहेको गुरुकूल संरक्षणलाई निरन्तरता दिईनेछ।

१८. नगरपालिका अन्तर्गतको ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक र धार्मिक सम्पदाहरुको संरक्षण, सवर्द्धन, अभिलेखिकरण र प्रचारप्रसारको कार्यक्रमलाई महत्वका साथ अगाडी बढाइनेछ।

१९. साङ्केतिक भाषाको प्रवर्द्धन र विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

### (ज) <u>पर्यटन सम्बन्धी नीतिः</u>

१. गोकर्णेश्वर नगरपालिकाभित्र रहेका ऐतिहासिक गोकर्णेश्वर महादेव मन्दिर, तारेभिर, चिसापानी धाप परियोजना लगायतको व्यापक प्रसार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्यामा बढोत्तरी गरिनेछ।

२. वडा नं.३ स्थित सुन्ताखान तारेभिर सडक निर्माण गरी तारेभिर क्षेत्रलाई नगरको प्रमुख पर्यटकीय क्षेत्र बनाईनेछ ।

३. नेपाल सरकारबाट स्वीकृत भईसकेको बुद्धको मूर्ति यथाशीघ्र निर्माणका लागि पहल गरिनेछ ।

४. वडा नं. १ स्थित सुन्दरीजल, मुलखर्क, चिलाउने ओख्रेनी हुदै धाप ड्याम पर्यटन मार्ग निर्माण गरी पर्यटकको आवागमनमा वृद्धि गर्दै त्यस क्षेत्रका बासिन्दाहरुको पर्यटन व्यवसायमार्फत आर्थिक उपार्जनमा बढोत्तरी गरिनेछ ।

५. नगरपालिकाले EIA स्वीकृत गरेपश्चात नेपाल सरकारबाट स्वीकृत भएको बागमती ड्याम निर्माण कार्य यथाशीघ्र सुरु गर्न पहल गरिनेछ ।
६. नगरपालिका भित्रका सांस्कृतिक महत्व बोकेका चाडपर्व जात्रा सम्पदाहरुको राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।
७. सुविधासम्पन्न अपाङ्ग, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकामैत्री पार्क निर्माण गरिनेछ ।
८. स्वच्छ, सफा, बागमती नदी परियोजना निर्माणको कामलाई अगाडि बढाउन विशेष जोड दिइनेछ।
९. तारेभिर क्षेत्रमा नगरपालिकाको पर्यटन प्रर्वद्धनका लागि आकर्षक बत्ति सहितको सौन्दर्यीकरण कार्यक्रम संचालन गर्ने र भूमेस्थान डाँडालाई दृश्यावलोकन गर्ने मनोरम स्थलको रुपमा विकास गरी पर्यटकहरुलाई आकर्षित गरिनेछ ।
१०. सहिद पार्क क्षेत्रभित्र अवलोकन गर्न मिल्ने चराघरको ब्यवस्था गरिनेछ।
११. वडा नं २ स्वर्गपुरी मन्दिर परिसरमा पर्यटकीय स्थल निर्माण गरिनेछ ।
१२. वडा नं. २ को धनपति भीमसेन मन्दिर जिर्णोद्धार गरी पिकनिक स्पट बनाइनेछ ।
१३. वडा नं १ को मजुवा पार्कलाई एक्युरियम सहितको माछा हेर्ने वाटर पार्क निर्माण गरिनेछ ।
१४. पर्यटकहरुको सूचना एवं सहजिकरणका लागि नगरको वेभसाइटमा विवरण र फोटो सहितको जानकारी राखिनेछ ।
१५. नगरका ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक एवं वातावरणीय दृष्टिले महत्वपुर्ण रहेको सुन्दरीमाई मन्दिर, बाघद्वार, गोकर्णेश्वर मन्दिर, उत्तरगयाधाम, सुन्दरीजल क्षेत्र तथा बोलबम धाम, बराहकर्णेश्वर, चामुण्डा

मन्दिर लगायत क्षेत्रको संरक्षण विकास र प्रचारप्रसारको कामलाई निरन्तरता दिइनेछ ।

१६. पर्यटकहरुका लागि साईक्लिङ, हाईकिङ रुटको प्रबर्द्धन र विकासको काम अघि बढाइनेछ ।

१७. निजी क्षेत्र र समुदाय सँगको सहकार्यमा नगरपालिकाभित्र प्राङ्गारिक कृषि पर्यटन प्रबर्द्धन (Agro Tourism) गर्न फार्म स्टे र होम स्टे सञ्चालनको व्यवस्था मिलाईनेछ ।

१८. पशुपति, गुह्येश्वरी, बौद्ध, गोकर्ण, उत्तरवाहिनी, सुन्दरीजल र शिवपुरी हुँदै वागद्वार सम्म एकीकृत धार्मिक पर्यटन क्षेत्र पूर्वाधार विकासको लागि आगामी आ.व. मा अध्ययनको कार्य अघि बढाइनेछ।

(झ) <u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति</u>

१. महिला, दलित, विपन्न र अपाङ्गता भएका व्यक्तिहरु लगायत लक्षित वर्गका लागि सीपमुलक तालिमहरुको सञ्चालन गरी स्वरोजगार बनाउँदै लगिनेछ ।

२. ज्येष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने व्यवस्था मिलाइनेछ । साथै सार्वजनिकस्थलमा ज्येष्ठ दिवा सेवा केन्द्रको व्यवस्था गरिनेछ ।

३. अपाङ्गता भएका व्यक्ति र निजका संरक्षकहरुको सामाजिक जीवन मर्यादित र सम्मानपूर्ण बनाउदै लगिनेछ अपाङ्गमैत्री नगर घोषणाको लागि पूर्वाधार तयार गरिनेछ ।

४. "गोकर्णेश्वर नगरपालिकाको समृद्धिमा नयाँ दम्पत्ति अभियान" सञ्चालन गरी दाम्पात्य जीवनलाई सुखी, सफल तथा समृद्ध बनाउने उपायका साथै सन्तान उत्पादन, विकास र संरक्षणबारे परामर्शदायी कार्यक्रम सञ्चालन गरिनेछ ।

५. बालवालिका तथा किशोर किशोरीहरुको सुरक्षाका लागि बाल संरक्षण, विकास र सहभागिताको नीति लिईनेछ साथै बालबालिकाविरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरिनेछ ।
६. गोकर्णेश्वर नगरपालिकालाई वि.सं.२०८५ सम्ममा बालमैत्री नगर घोषणा गरिने छ । सोका लागि आवश्यक पूर्वधारहरु तयारीको कार्य अगाडि बढाईनेछ ।
७. गैरसरकारी संस्थाहरूले नगरक्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्न नगरपालिकाबाट अनिवार्यरूपमा स्वीकृति लिनुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
८. जनआन्दोलनका घाइते तथा सहिदका परिवारलाई सम्मान र सहयोग गरिनेछ ।
९. बाल गृहहरुको नियमित अनुगमन गरि थप प्रभावकारी वनाईनेछ । प्रत्येक वडामा बालबालिकाहरुका लागि बाल उद्यानको व्यवस्था गरिनेछ ।
१०. दलित सशक्तिकरण कार्यक्रमलाई सुदृढ र व्यवस्थित गरिनेछ । महिला, अपाङ्ग, जनजाति, दलित सम्बन्धी लक्षित वर्ग कार्यक्रमहरु नियमितरुपमा सञ्चालन गरिनेछ। गोकर्णेश्वर नगरपालिकालाई गोकर्णेश्वर नगरपालिकालाई महिला हिंसामुक्त नगर घोक्षणाका लागि पूर्वाधार तयार गरिनेछ ।
११. अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने ह्वील चेयर मर्मतका लागि प्राविधिकको व्यवस्था गरिनेछ ।
१२. बालबालिका तथा किशोर किशोरीहरुलाई ईन्टरनेट र सामाजिक सञ्जालको प्रयोगबाट सिर्जित जोखिमहरु न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(ञ) <u>उद्योग, सहकारी र रोजगारी सम्बन्धी नीतिः</u>

१. सहकारी संस्थाहरुको दर्ता, नविकरण, नियमन कार्यलाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ ।
२. गोकर्णेश्वर नगरपालिका भित्र सञ्चालित सहकारीहरुको सम्पूर्ण सूचनाहरुको एकिकृत विवरणहरु तयार गरि सहकारी प्रोफाइल बनाइनेछ ।
३. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गरी उद्यम तथा योजनामा गरिने लगानीका लागि विकास साझेदारको रुपमा सहकार्य गरिनेछ ।
४. बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम व्यवस्थापनका लागि सघन अनुगमनको संयन्त्र गठन गरी परिचालन गरिनेछ ।
५. संकटग्रस्त हुन लागेका सहकारीको सघन अनूगमन मूल्याङ्कन, लेखा परीक्षण गरी गराई नागरिकको बचतको सुरक्षा गरिनेछ । संघ, प्रदेश तथा नगरपालिकाको समन्वयमा प्रभावकारी व्यवस्थापनको संस्थागत प्रबन्ध मिलाई सुधारका आबश्यक योजनावद्ध कार्यहरु गरिनेछ ।
६. व्यावसायिक उत्पादन, उद्यमशीलता विकास तथा कृषि विकासका क्षेत्रहरुमा सहकारीहरुलाई केन्द्रित गर्न प्रोत्साहन तथा प्रबर्द्धन गरिनेछ।
७. औद्योगिक वातावरण निर्माण गर्न वार्षिकरुपमा औद्योगिक महोत्सवको आयोजना गरिनेछ ।
८. नगरपालिका क्षेत्रभित्रका साना, मझौला तथा ठुला उद्योगहरुको लगत तयार पारी औद्योगिक प्रोफाइल तयार गरिनेछ।
९. सहकारीमार्फत उत्पादित वस्तुहरुको प्रशोधन, भण्डारण, बजारीकरण तथा विविधिकरण गरिनेछ।
१०. नगरपालिकाको लागि आवश्यक सामाग्री खरिदमा स्थानीय उत्पादनलाई प्रथामिकता दिइनेछ।
११. नयाँ औद्योगिक आयोजनाहरुको संभाव्यता अध्ययन गरिनेछ ।

१२. युवा तथा साना व्यवसाय प्रवर्द्धन तथा स्वरोजगार एवं स्टार्ट अपको लागि उचित प्रबन्ध मिलाइनेछ ।

१३. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत गोकर्णेश्वर नगरपालिकाका ९ वटै वडाहरुमा उद्यम विकास सहजकर्तामार्फत उद्यमशिलता विकास तालिम सञ्चालन गरी उद्यम व्यवसाय प्रवर्द्धन गरिनेछ।

१४. नयाँ तथा पूराना लघु, घरेलु तथा साना उद्यमिको सीप तथा क्षमता प्रबर्द्धनका लागि सीपमूलक तालिम, प्रविधि हस्तान्तरण, बजारीकरण र वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

१५. नगरभित्र सञ्चालित उद्योगहरुलाई वातावरण मैत्री बनाउन पहल गरिनेछ उद्योगहरुको नियमित अनुगमनलाई निरन्तरता दिई थप प्रभावकारी बनाईनेछ ।

१६. स्थानीय युवा समूह, महिला समूह तथा उद्योगीहरुले नाफामूलक व्यवसाय गरी रोजगारी सिर्जना गर्न उपर्युक्त प्रस्ताव ल्याएमा नगरपालिकाले १० लाखसम्मको व्यवसायका लागि ५०% लागत साझेदारी गर्न सक्नेछ

१७. बेरोजगारको तथ्यांक सङ्कलन गरी रोजगार प्रर्बद्धनसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. रोजगार सेवा केन्द्र मार्फत वैदेशिक रोजगारीमा जाने युवाहरुलाई श्रम स्वीकृती लगायत कार्यमा सहजीकरण गरिनेछ। साथै बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई विशेष सीप तथा भाषा सम्बन्धी तालिम प्रदान गरिनेछ

१९. वैदेशिक रोजगारीबाट फर्की स्वदेशमै कृषि, पशुपालन लगायत स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न चाहने युवाहरुलाई लक्षित गरी आर्थिक तथा प्राविधिक सहायता सहितको स्वरोजगार प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. जनशक्ति तथा संगठित युवा जनशक्तिले आर्जन गरेको सीप, ज्ञान, क्षमतालाई उद्यमशीलता, स्वरोजगार र व्यावसायीक कार्य मार्फत उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ

२१. रोजगार कार्यक्रम अन्तर्गत लोकसेवा आयोग, बैंकिङ, नेपाल आर्मी, नेपाल प्रहरी लगायत प्रतिष्पर्धी परीक्षा तयारीका लागि निशुल्क कक्षाहरु सञ्चालन गरिनेछ ।

## (ट) सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीति

१.गोकर्णेश्वर नगरपालिका आफैले कार्यक्रम प्रशारण, नगरका गतिविधि उजागर र सन्देशमूलक सूचनाहरु प्रशारण गर्न गोकर्णेश्वर एफ.एम स्थापना गरी सञ्चालन गर्नेछ ।

२.सेवा प्रवाहमा सूचना प्रविधिको उच्चतम प्रयोग गरी प्रक्रिया, समय, लागत न्यूनीकरण गर्ने नीति लिईनेछ ।

३.नगरपालिकाको Digital Profile लाई Enhancement गरी नगरभित्रका हरेक घर तथा जग्गाहरुलाई वर्गीकरण गरी GIS Application का माध्यमा आबद्ध गरी नगरपालिका तथा वडा कार्यालयहरुबाट नियमितरुपमा अध्यावधिक गर्ने कार्य गरिनेछ ।

४.गोकर्णेश्वर नगरपालिकाको एप पूर्णरुपमा सञ्चालन गरी नगरपालिकाले प्रदान गर्ने सम्पूर्ण सेवाहरुलाई नगर एपसँग जोडिनेछ ।

५.नगरपालिकामा बुझाउनुपर्ने कर, शुल्क, दस्तुर नागरिकले घरमै बसी अनलाईनमार्फत बुझाउन मिल्ने व्यवस्थालाई सुदृढीकरण गरिनेछ ।

६.नगरपालिकाभित्रका अत्यावश्यक ठाँउहरुमा डिजिटल बोर्ड स्थापना गरी नगरबासीलाई सूसुचित गरिनेछ ।

७.नगरपालिकाले स्थापना गरेको डाटा सेन्टरलाई पूर्णरुपमा सञ्चालन गरिनेछ।

८. नगरपालिकाको आफ्नै पोर्टल निर्माण गरी सम्पूर्ण डिजिटल सेवाहरुलाई एकीकरण गरी एकद्धार प्रणालीमा लगिनेछ ।
९. नगरपालिकाका सम्पूर्ण शाखा, नगरअस्पताल, शहरी स्वास्थ्य केन्द्रहरु तथा वडा कार्यालयहरुलाई ईन्ट्रानेटमा आबद्ध गरिनेछ ।
१०. सामाजिक सञ्जालको (Facebook, Instagram, Youtube, Viber, whatsapp, Twitter) उच्चतम प्रयोग गरी नगरपालिकाका सम्पूर्ण सेवाहरुलाई नगरवासीसँग जोडिनेछ ।
११. सेवा प्रवाह र विकास निर्माण लगायतका कार्यमा सूचना प्रबिधिको प्रयोगलाई निरन्तरता दिइनेछ।
१२. नगर, वडा कार्यालय परिसर लगायत सार्वजनिक स्थलहरूमा निःशुल्क इन्टरनेटको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(ठ) <u>सुशासन सम्बन्धी नीतिः</u>

१. नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीको मनोबल उच्च बनाउन क्षमता विकास तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२. कर्मचारीहरुलाई योग्यता, क्षमताका आधारमा जिम्मेवारी दिईनेछ साथै तालिम र क्षमता अभिवृद्धिको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
३. भ्रष्टाचारविरुद्ध शुन्य सहनशिलताको नीति अबलम्बन गरिनेछ ।नगरभित्रका सम्पूर्ण क्रियाकलापलाई सार्वजनिक गर्न नगरको श्वेत पत्र प्रकाशन गरिनेछ
४. विकास योजना समयमै सम्पन्न गर्न कार्य योजना बनाई नतिजा प्राप्तिलाई सुनिश्चित गरी अनुगमनको व्यबस्था मिलाईने छ ।
५. नगर कार्यपालिकाको कार्यालयको प्रवेशद्वार छेउमा सेवाग्राहीहरुको सहयोगको लागि हेल्प डेस्क सञ्चालनमा ल्याइनेछ ।साथै श्रमिकहरुको सहयोग तथा गुनासो सुनुवाईका निमित्त श्रम डेस्क सञ्चालनमा ल्याईनेछ

यही मोडेलको हेल्प डेस्क र श्रम डेक्स क्रमशः वडा कार्यालयहरुमा समेत विस्तार गर्दै लगिनेछ ।

६. नगरपालिका तथा वडा कार्यालयमा डिजिटल नागरिक वडापत्र अध्यावधिक गरी प्रयोगमा ल्याइनेछ ।

७. नगरपालिकाको आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयका आवश्यक ऐन, कानून र कार्यविधिहरू तर्जुमा तथा समायानुकूल परिमार्जन गरी कानुनको शासनलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

८. उच्चतम प्रविधिको प्रयोगमार्फत नगरपालिकाबाट प्रवाह हुने सेवालाई सर्वसुलभ, गुणस्तरीय र पारदर्शी बनाइनेछ ।

९. नगरपालिका अन्तर्गत संचालन हुने कार्यक्रमहरुमा खादा, माला र मायाको चिनोको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

(ङ) <u>योजना तथा कार्यक्रम व्यवस्थापन सम्बन्धी नीतिः</u>

१. आगामी आ.व. देखि ठेक्का र उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरु पौष मसान्तभित्र सम्झौता गरिनेछ ।

२. आयोजना बैङ्क तयार गरी योजना छनौट र बजेट विनियोजनमा राष्ट्रिय, प्रादेशिक र नगरको प्राथमिकता अनुरुप सञ्चालन गरिनेछ।

३. योजना/आयोजनाहरुको छनोट प्रक्रीयालाई सहभागीतामूलक बनाई साना योजनाहरु वडाहरुबाट र ठूला योजनाहरु नगरस्तरबाट सञ्चालन गरिनेछ।

४. जनताको जीवनस्तरसँग जोडिएका आयोजनाहरुलाई नगर गौरव आयोजनाको रुपमा सञ्चालन गर्ने कार्यलाई अगाडि बढाईनेछ। आयोजना व्यवस्थापनको कार्यलाई समयमै सम्पन्न गर्न आवश्यक व्यवस्था गरिनेछ।

५. नगरपालिकाबाट स्वीकृत भएका कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित क्षेत्रको विज्ञता भएका निकाय तथा सङ्घ संस्था मार्फत मात्र गरिनेछ। यसका लागि स्पष्ट मापदण्ड बनाई लागू गरिनेछ।

**(ढ) लगानी व्यवस्थापन सम्बन्धी नीतिः**

१.नगरपालिकाका क्षेत्रगत दिर्घकालीन गुरुयोजनाहरु तयार गरी पञ्चवर्षीय योजनाले निदृष्ट गरेका योजनाहरुलाई कार्यान्वयन गर्न नगरपालिकाको मध्यकालीन खर्च संरचना तयार गरी लगानीको प्रक्षेपण गर्ने व्यवस्था मिलाईनेछ ।

२.मध्यकालिन खर्च संरचना अनुसार आवश्यक निश्चित स्रोत जुटाउन सार्वजनिक,निजी,साझेदारी र सार्वजनिक ऋण समेत लिन आवश्यक कानूनी र व्यवस्थापकीय प्रबन्ध मिलाईनेछ ।

३.संघीय र प्रदेश सरकारबाट विशेष र समपुरक अनुदान अधिकतम प्राप्त हुनेगरी कार्यप्रणाली सुधार गरिनेछ। संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान बढी भन्दा बढी प्राप्त गर्न प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेका सूचकहरुमा सुधार गर्ने गरी कार्य सञ्चालन गरिनेछ। संघीय सरकार,प्रदेश सरकारबाट प्राप्त हुने ससर्त कार्यक्रममा नगरका प्रथमिकता प्राप्त योजनाहरु समावेश गर्न पहल गरिनेछ। सहलगानीका कार्यक्रमहरुलाई अगाडि बढाईनेछ ।

४.नगर नगर साझेदारी मार्फत स्रोत व्यवस्थापनमा सुधार गर्ने प्रयास गरिनेछ।

५.विदेशका नगरहरुसँग भगिनी सम्बन्ध कायमगरी लागानी भित्र्याउने प्रयास गरिनेछ ।

६.भगिनी सम्बन्ध कायम भएका पालिकाहरुबिच आपसी सम्बन्ध सुमधुर बनाउन,असल तथा सफल अभ्यासहरुको आदनप्रदान गर्ने कार्यलाई तिव्रता दिइनेछ।

## (ण) दिगो वित्त व्यवस्थापन सम्बन्धी नीतिः

१.नगरपालिकाभित्र उपलब्ध स्रोत साधनको परिचालन र उपर्युक्त व्यवस्थापनमार्फत वित्तीय आत्मनिर्भरता बढाउदै लगिनेछ ।हाल ३५ प्रतिशत योगदान रहेको आन्तरिक स्रोतलाई आगामी आ.व. मा ४० प्रतिशत पुर्याईनेछ । सङ्घीय र प्रदेश सरकारसँगको वित्तिय निर्भरतालाई क्रमश घटाउदै लगिनेछ ।

२.नगरको दिगो वित्त व्यवस्थापनको लागि आन्तरिक आयमा वृद्धि गरिनेछ करको दायरा विस्तार गरिनेछ । राजस्व कार्ययोजना बनाई सम्पत्ति कर, व्यवसाय कर र घरबहाल करको आन्तरिक आयमा योगदान बढाउदै लगिनेछ ।

३.सम्पत्ति करलाई पूर्वानुमानयोग्य बनाउन नगर क्षेत्रभित्र भएका घर र संरचनाहरुको भु-उपग्रह प्रणालीमार्फत डिजिटल लगत राख्ने व्यवस्था मिलाईनेछ ।

४.कर प्रशासनलाई सरल, सहज र सूचना प्रविधिमैत्री बनाई वित्तीय सुशासन कायम गरिनेछ ।

५.व्वसाय दर्ता, नवीकरण अभियानलाई आगामी आ.व. मा पनि निरन्तरता दिईनेछ ।व्यवसायको Digital Profile तयार गरिनेछ ।

६.करदाताहरुको सुविधा बढाईनेछ । कर संस्कृतिको विकासलाई दण्ड र पुरस्कारले उचित व्यवस्थापन गरिनेछ ।

७.अनुदान प्रणालीलाई क्रमश न्यून गर्दै प्रोत्साहन प्रणालीलाई बढोत्तरी गरिनेछ

८.नगरपालिकाको सवै आन्तरिक आयका कर राजश्व संकलनलाई नगरपालिका तथा वडा कार्यालयहरुमा सेवासँग जोडी करको दर कम गरी दायरा फराकिलो पार्ने नीति अवलम्वन गरिनेछ ।

९.प्रथम त्रैमासिक भित्र कर राजश्व वुझाउने करदाताहरुलाई केही कर शिर्षकहरुमा दश प्रतिशत छुटको व्यवस्था मिलाइनेछ ।

१०. आर्थिक कारोबारलाई पारदर्शी, जवाफदेही एवम् अनुशासित बनाई आर्थिक सुशासन कायम गरिनेछ ।

११. कर राजस्व संकलनका लागि स्थलगत रुपमा जनशक्ति परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । कर संकलन सम्बन्धी जनचेतना र बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

## (त) कानुन, न्याय तथा मानवअधिकार सम्बन्धी नीतिः

१. सबै वडा कार्यालयहरुमा स्थापना भई सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नती गरी सबै बिवादहरु दर्ता गर्ने, बिपक्षी झिकाउने, प्राविधिकद्धारा स्थलगत निरीक्षण गरी प्रतिबेदन पेश गर्ने, मेलमिलाप प्रकृया सम्पादन गर्ने आदि कार्य वडा तहबाट गरी मेलमिलापबाट बिवाद निरुपण गर्न अधिकतम प्रयास गरिनेछ ।

२. सूचना प्रबिधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

३. नगरपालिकाद्धारा जारी गरिएका स्थानीय कानुनहरुको आबश्यकता अनुसार संसोधन,परिमार्जन तथा एकिकरण गरिनेछ ।

४. बिवाद समाधानका बैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी प्रकृयालाई कम खर्चिलो छिटो छरितो र थप ब्यवस्थित गरिनेछ ।

५. न्यायिक समितिमा सर्बसाधारण नागरिकको पहुँचलाई सहज बनाईनेछ । हिंसा पिडित महिला, अपाङ्गता भएका ब्यक्ति, दलित बालबालिका र ज्येष्ठ नागरिकहरुलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराइनेछ। साथै हिंसा पिडित महिला अपाङ्गता भएका ब्यक्ति दलित बालबालिका र ज्येष्ठ नागरकहरुको निवेदन दर्ता गर्ने दस्तुर निःशुल्क गरिनेछ ।

६. स्थानीय तहको न्याय सम्पादनको अनुभव आदानप्रदान गर्न गोकर्णेश्वर नगरपालिकाको आयोजनामा अन्तर्क्रिया लगायतको कार्यक्रमहरु आयोजना गरिनेछ ।

७. नगरपालिकाको न्यायिक समितिका पदाधिकारीहरु, मेलमिलापकर्ताहरु र अन्य कर्मचारीहरुको क्षमता अभिबृद्धिको कामलाई निरन्तरता lbOनेछ ।

८. सबै नगरवासीहरुको न्यायमा सहज पँहुच सुनिश्चित गर्न कानूनी शिक्षा र सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९. न्यायिक समितिमा दर्ता हुने असहाय व्यक्तिहरुको निवेदन दर्ता दस्तुर निःशुल्क गरिनेछ । साथै असहायहरुलाई निःशुल्क कानुनी सहायता गर्ने व्यवस्था मिलाइनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

अन्त्यमा, यस नीति तथा कार्यक्रमको कार्यान्वयन पश्चात् गोकर्णेश्वर नगरको आर्थिक, सामाजिक र सांस्कृतिक लगायतका क्षेत्रमा सकारात्मक परिवर्तन र विकास हुने कुरामा पूर्ण विश्वास लिएको छु ।

**धन्यवाद !**

**जय गोकर्णेश्वर !**

**दिपक कुमार रिसाल**

**नगर प्रमुख**